आज मिति २०७५ वैशाख २७ गते, बिहिवारका दिन बिहान ठिक १०:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमाजिमका सदस्यज्यूहरुको उपस्थितिमा ३४औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी |
|---|---|---|
| हस्ताक्षर | | |
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री सोमा खडका | - | शाखा अधिकृत |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल ईन्जिनियर |
| २३. श्री मन्दिरा मर्हजन | - | नायब सुब्बा |

निर्णय

**निर्णय नं. १ :**

यस नगरपालिकाको लागि आवश्यक पर्ने विभिन्न ऐन कानुनहरुको निर्माण गर्न साथै यस नगरपालिकामा परेका कानुनी बाधा अड्चनहरुको समाधानका लागि १ जना महिला समेत रहने गरी ४ जना कानुनी अधिवक्ताहरुको कानुनी सल्लाहकारको टिम र आवश्यकता अनुरुप विषयगत विज्ञको समूह गठन गर्ने र उक्त समूहबाट छलफल गरी कानुन निर्माण गर्नको लागि थप समय आवश्यक हुने भएकोले मिति २०७५ बैशाख ३० गते गर्ने भनिएको नगर सभा हाललाई स्थगित गर्ने।

**निर्णय नं. २ :**

भिमसेन मन्दिरमा भजन किर्तन गर्नको लागि हार्मानियम लगायतका सामाग्री खरिद गर्नको लागि रु ४०,०००। रकम दिने । बौद्ध जयन्तीको लागि माग भएबमोजिम रु ७५,०००। दिने ।

**निर्णय नं. ३ :**

वडा नं. २ को वडास्तरीय योजना अन्तर्गत क्रियापुत्री भवन निर्माण पाखाचोकको लागि रु ३,००,०००। विनियोजन भएकोमा उक्त योजना संशोधन गरी निर्माणाधिन सिँचाई कुलो निर्माणको लागि छुट्याईएको ५,००,०००। मा थप गरी रु ८,००,०००। मा कुलो निर्माण गर्ने । वडा नं. ९ को डाडीखेल मोटरबाटो ढलान योजना संशोधन गरी डाडीखेल मोटरबाटो स्तरोन्नती गर्ने ।

**निर्णय नं. ४ :**

दक्षिणकाली नगरपालिका वडा नं. ६ स्थित दक्षिणकाली स्वास्थ्य चौकीमा कार्यरत अत्यन्त मिलनसार सहृदयी हेल्थ असिस्टेन्ट श्री सत्तल सिंह सुवाल ज्यूको असमायिक निधन हुन गएकोले दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना सहित हार्दिक श्रदान्जली व्यक्त गर्ने । १३ औं दिनको पुण्यतिथिमा मिति २०७५।२।३ गते नगरपालिकाको सभाहलमा शोक सभा आयोजना गर्ने ।